(छैटौं बैठक)

आज मिति २०८० मंसिर २४ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री बीर बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री भवानी प्रसाद मिश्र (लेखा अधिकृत, आठौं)
- श्री पुण्य प्रसाद पराजुली / ई.व.ई.
- श्री गंगासागर पौड्याल / IT officer
- श्री उपेन्द्र लामि [illegible], स्वास्थ्य शाखा

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु :**

१. हिउँदे गाउँसभा सम्बन्धमा

२. जग्गा वर्गीकरण सम्बन्धमा

३. उद्यम विकास शाखाको योजना छनौट सम्वन्धमा

४. पोषण कार्यक्रमको योजना छनौट सम्बन्धमा

५. ICLEI को मेम्बरसिपको लागि शुल्क भुक्तानी सम्बन्भमा

६. हिन्दी आउटरिच सेन्टरलाई सञ्चालन अनुभती सम्बन्धमा

७. औषधि उपचार सहायता सम्वन्धमा

८. घ वर्गको निर्माण इजाजत पत्र दिने सम्बन्धमा

९. लिस्ती गुठी सेवा समिति, नाका उद्धाटन, झाँकी खाना, खाजा र यातायात खर्च

१०. स्वास्थ्य स्वमंसेविका वहिर्गमन

११. झ्यालेभिर सरसफाई खर्च

१२. विवादित तथा अस्पष्ट स्थानहरुको नक्सांकन सम्बन्धमा

**निर्णयहरु :**

१. यस भोटेकोशी गाउँपालिकाको आ.व २०८०/०८१ को हिउँदे गाउँ सभा मिति २०८० पौष २६ गतेका दिन भोटेकोशी गाउँपालिका सभा हलमा बस्ने निर्णय गरियो ।

२. भोटेकोशी गाउँपालिकाको भू-उपयोग परिषदको बैठकबाट पेश भएको भूउपयोग क्षेत्र अध्यावधिकका लागि तयार गरिएको नीतिगत आधार तथा मापदण्ड २०८० र जग्गा वर्गीकरण सम्बन्धि सुची पारित गर्ने निर्णय गरियो ।

३. आ.व २०८०/०८१ को उद्यम विकास शाखा बाट संचालन हुने गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि संचालन गरिने कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिमको गर्ने निर्णय गरियो । उक्त कार्यक्रम संचालनको लागि कार्यक्रम संयोजक (फोकल पर्सन) कार्यालयमा कार्यरत रोजगार संयोजक श्री पेम्बा तामाङलाई जिम्मेवार बनाउने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका
फुलिङकटी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

४. आ.व २०८०/०८१ को लागि संचालन गरिने पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिने आमाहरुलाई पाठापाठी वितरण गर्ने निर्णय गरियो।

५. ICLEI को मेम्बरसिपको लागि लाग्ने आवश्यक शुल्क १०० डलर तथा भुक्तानी हुँदा लाग्ने आवश्यक थप शुल्क भुक्तानी दिने निर्णय गरियो।

६. यस भोटेकोशी गाउँपालिका वडा नं ४ अन्तर्गत निर्माण भएको हिन्दी आउटरिच सेन्टरले संचालनको लागि अनुमाति माग गरेको हुँदा उक्त आउटरिच सेन्टरले पेश गरेको मापदण्ड अनुसार सञ्चालनको लागि अनुमती दिने निर्णय गरियो ।

७. यस आ.वमा औषधि उपचार सहायताको लागि तपसिल बमोजिमको व्यक्तिलाई प्रति व्यक्ति ५० हजारका दरले दिने निर्णय गरियो।

क) सरिता कार्की वडा नं ५

ख) विकाश प्रधान वडा नं १

साथै वडा नं २ का देवि प्रसाद नेवारलाई औषधि उपचार सहायताको लागि रु २५ हजार प्रदान गर्ने निर्णय गरियो ।

८. भोटेकोशी गाउँपालिकामा घ वर्गको निर्माण इजाजत पत्र दर्ता माग हुन आएको आघोरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि को नियमानुसार कागजात पुगेको हुँदा गाउँपालिका कार्यालयमा दर्ता गरि घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

९. लिस्ती गुठी सेवा समितिको विगत लामो समय देखि बन्द रहेको कोदारी नाका उद्घाटन समयमा प्रदर्शन गरिएको झाँकी लागायतका कार्यक्रमको खाना, खाजा र यातायात खर्च रु २९,६०० अतिथि सत्कार शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

१०. बिगत लामो समय देखि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्यरत रहनु भएका तपसिल बमोजिमका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई बहिर्गमन तर्फको रु ७५ हजारबाट रु २५ हजारको दरले सम्मान स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

क) माइली शेर्पिनी वडा नं १

ख) पार्वती देउजा वडा नं ३

ग) नोर्की तामाङ वडा नं ५

११. भोटेकोशी गाउँपालिका वडा न १ झ्यालेभिर देखि लिस्तिकोट जाने मोटरवाटो सरसफाईको लागि प्रविधिका इस्टिमेट गरि मर्मत गराउने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका फुल्पिङकटी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

१२. भोटेकोशी गाउँपालिका अन्तर्गतको कतिपय विवादित स्थानहरु तथा स्पष्ट नभएका स्थानहरुलाई नक्सामा सुधार गर्नको लागि नापी विभागलाई सिफारिस गर्ने निर्णय गरियो।

१३. विविध

क) भोटेकोशी गाउँपालिका वडा नं ४ निवासी बर्ष ६४ तथा २४-०१-०६-०७९६१ ना.प्र.नं भएको कान्छी दमिनी मिति २०८०/०५/१९ गते देखि हराएको र मृत अवस्थामा फेला परेकोले उक्त शब पोस्टमार्टम गर्न बाह्रबिसे लगेको गाडी भाडा भुक्तानी माग आएकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

ख) आ.व २०८०/०८१ मा गाउँपालिका भवनमा लाइबेरि व्यवस्थापनको लागि विनियोजन गरिएको रकम रु ५ लाख बाट रु ३ लाख श्री गोल्ची आ.वि, भोटेकोशी गाउँपालिका वडा नं ५ गोल्चीमा लाइबेरि व्यवस्थापनको लागि विद्यालयलाई निकासा दिने निर्णय गरियो ।

(समाप्त)